# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- २०७८/७९

च.नं. :-

मिति :- २०७८/०५/१८

## अन्तर्राष्ट्रिय साक्षरता दिवस, २०७८ को अवसरमा आयोजित खुला कविता प्रतियोगितामा सम्बन्धी

## सूचना !

**कविताको शिर्षकः** कोभिडमा शिक्षा र सिकाइ

**कविता पठाउने ठेगानाः** कार्यालयको इमेल ठेगानाः- edudhangadi@gmail.com

**कविता आइपुग्नुपर्ने समयः** मिति २०७८।०५।२३ गते कार्यालय समयभित्र

**प्रतियोगिता हुने तह/कक्षाः** आधारभूत / कक्षा ६-८

**कविता पठाउँदा देहायका शर्तहरु पालना गर्नुपर्ने छः**

१. कविता गद्य वा पद्य दुवै मध्ये एक क्षेत्रबाट नेपाली भाषामा सिर्जना गरिएको हुनुपर्ने छ।

२. कविता अधिकतम १०० शब्द सम्मको हुनुपर्ने छ।

३. कविता A4 साइजको फर्म्याटमा हुनुपर्ने छ।

४. कविता नेपाली भाषामा लेख्दा प्रीति वा नेपाली युनिकोडको कालीमाटी फन्टमा लेखिएको हुनुपर्ने छ। प्रीति फन्टमा १४ र कालीमाटीमा १० फन्ट साइज हुनुपर्ने छ।

५. कवितामा वस्तुपरक ढङ्गको मौलिक विचारको प्रस्तुति मान्य हुनेछ। तर, वैयक्तिक र संस्थागत आक्षेपयुक्त रचना मान्य हुने छैन।

६. कविता अन्यन्त्र प्रकाशित नभएको र मौलिक हुनु पर्नेछ। यस सम्बन्धी स्वःघोषणा कवितासाथ गरेको हुनुपर्ने छ।

७. तथ्य र तथ्याङ्कको स्रोत आधिकारिक, यथार्थपरक र अध्यावधिक हुनुपर्ने छ।

८. कवितासाथ आफ्नो पासपोर्ट साइजको फोटो र वैयक्तिक विवरण संलग्न हुनुपर्ने छ।

९. सहभागि हुने विद्यार्थी शैक्षिक सत्र २०७८ मा भर्ना भई सम्बन्धित विद्यालयको अध्यावधिक IEMIS विवरणमा ईन्ट्री भएको हुनुपर्ने छ। कविता साथ प्रतियोगिको अध्ययनरत कक्षा र IEMIS Reg. ID नम्बर उल्लेख हुनुपर्ने छ।

१०. कविता पठाउँदा सम्बन्धित विद्यालयको आधिकारक ईमेलबाट पठाएको हुनुपर्ने छ।

**मूल्याङ्कन प्रक्रियाः** मूल्याङ्कनका आधार र मूल्याङ्कन प्रक्रिया मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम हुने छ।

**पुरस्कार तथा सम्मान सम्बन्धि व्यवस्थाः**

- उत्कृष्ट चार वटा कविताहरुमध्ये क्रमश: प्रथमलाई रु. ५ हजार, दोस्रोलाई रु. ४ हजार, तेस्रोलाई रु. ३ हजार, सान्त्वनालाई रु. २ हजारका दरले पुरस्कार प्रदान गरिनेछ। उत्कृष्ट कवितालाई पुरस्कार वितरण भएको दिन वाचन गर्नुपर्ने छ।
- कविता प्रतियोगितामा पुरस्कृत हुने चारवटा विद्यालयलाई सम्मान पत्रद्वारा सम्मान गरिने छ।

**पुनश्चः** यस सम्बन्धी विस्तृत जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नं. ०९१-५२६७२९ वा महाशाखाका प्राविधिक सहायक श्री भोज बहादुर बोहराको मोवाइल नं. ९८६४९७३०८३ मा सम्पर्क गर्न सकिने छ।

हरि बहादुर चन्द
प्रमुख प्रशासकिय अधिकृत

हरि बहादुर चन्द